नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## नुवाकोट

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३
इमेल daonuwakot@moha.gov.np
nuwakotcdo@gmail.com
वेवसाइट:daonuwakot.moha.gov.np

पत्र संख्या :२०८३/८४

मिति:२०८३/०६/३०

चलानी नं: ११११

विषय-स्वत प्रकाशन गर्नुपर्ने सुचना प्रकाशन गरिएको।

श्री गृह मन्त्रालय
योजना अनुगमन तथा मूल्यांकन शाखा
CDO Performance Appraisal System
सिंहदरवार, काठमाण्डौ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिको साउन, भाद्र, आश्वीन ३ महिनाको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा उपदफा (४) बमोजिम स्वत प्रकाशन गर्नुपर्ने सुचना यस कार्यालयको वेभसाइटमा प्रकाशन गरिएको छ। सो सूचनाको एकप्रति यसै साथ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

बोधार्थ:

श्री राष्ट्रिय सूचना आयोग, काठमाडौं।

२०८३/०६/३०

(रुपेश प्रसाद नेपाल)
प्रशासकीय अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

# नुवाकोट




## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## २०८३,

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

## २०८३ असोज ३०

## Contents


१ .जिल्ला प्रशासन कार्यालयको स्वरूप र प्रकृति

२. जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकार

३. जिल्ला प्रशासन कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७.निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**८.निर्णय उपर उजुरी सुन्ने अधिकारी**

**९.सम्पादन गरेको कामको विवरण**

**१०.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

**११कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण :**

१३ सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

१४. कार्यालयको वेबसाईट, सामाजिक सञ्जाल र सम्पर्क विवरण

# सुचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) र (४) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको बिवरण

**आ.व.२०८३/८४ (साउन देखि असोज मसान्त सम्मको )**

## १. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति

मुलुकको दैनिक प्रशासन लगायत कानूनी राज्यको अवधारणालाई कार्यान्वयनमा ल्याई शान्ति-सुरक्षा, अमनचयन र सुशासन कायम गर्ने सन्दर्भमा गृह प्रशासनको महत्वपूर्ण भूमिका रहन्छ । वि.सं. २०२८ सालमा जारी भएको स्थानीय प्रशासन ऐन २०२८ बमोजिम जिल्लाको गृह प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार जिल्ला प्रशासन कार्यालय नुवाकोटको स्थापना भएको हो ।

यस जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरू छन् भने यस अन्तर्गत ८८ वटा वडा कार्यालयहरु रहेका छन् । नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत रहेको यस कार्यालयले मूलतः जिल्लामा सुव्यवस्था, शान्ति सुरक्षा विपद् व्यवस्थापन, नागरिकता/राहदानी वितरण लगायत जिल्लाका विभिन्न कार्यालयहरुबीच संस्थागत समन्वय गर्दै, विकास निर्माणको अनुगमन र सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरु कारवाही र किनारा लगाउने समेतका कार्य गर्दै नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (Public Service Delivery) लाई प्रभावकारी वनाई सुशासनको प्रत्याभूति गर्ने समेतका कार्यहरू गर्दछ ।

## २. जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकार

- जिल्लाको शान्ति सुरक्षा सम्वन्धी कार्यहरू गर्ने,
- स्थानीय प्रशासन सञ्चालन गर्ने,
- विपद् व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- नागरिकता सम्वन्धी सेवा प्रदान गर्ने,
- राहदानीराष्ट्रिय परिचय पत्र , सम्वन्धी सेवा प्रदान गर्ने,
- मुद्दा तथा ठाडो उजुरी सुनुवाई गर्ने,
- हातहतियार इजाजत तथा नवीकरण सेवा प्रदान गर्ने,
- संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवा प्रदान गर्ने,
- उजुरीको छानवीन सम्वन्धी कार्य गर्ने,

- सुशासन, सार्वजनिक सेवा प्रवाह सम्बन्धी कार्य गर्ने,
- सवारी साधन संचालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने,
- गैरसरकारी संघ संस्था दर्ता र नवीकरण गर्ने,
- सरकारी सम्पत्ति वा सार्वजनिक जग्गामा संरक्षण गर्ने,
- लागू औषध नियन्त्रण गर्ने,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- कार्यालय निरीक्षण तथा अनुगमन,
- सुशासन प्रवर्दनआख्तियार दुरुपयोग अनुशन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त , उजुरी छानविन
- संघप्रदे ,श र स्थानीय तह बिच समन्वय गर्ने
- चिट्ठा जुवा आदिको नियन्त्रण,
- मुआब्जा निर्धारण तथा वितरण,
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस,
- पुरातत्वयीक सम्पत्ति तथा जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पतीको रेखदेख, सम्भार र मर्मत गर्ने गराउने,
- जिल्ला स्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण,
- विभिन्न सिफारिस,
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन,
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण,
- जिल्लामा संचालित विकास निर्माणका आयोजनाहरुमा सुरक्षासमन्वय तथा सहजिकरण ,
- कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने,
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर र धर्मशाला आदिको लगत राख्ने,
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित कार्यहरू।
- SEE/CTEVT लगायत परीक्षाको सुरक्षा व्यवस्था तथा अनुगमन गर्ने ।
- जिल्ला स्थित कुनै पनि कार्यालयहरुलाई नतोकेका कार्यहरु गर्ने ।
- जिल्लामा अतिविशिष्ठ तथा विशिष्ठ व्यक्तिहरुको भ्रमण हुँदा सुरक्षा व्यवस्था मिलाउने ।

जिल्ला प्रशासन कार्यालय नुवाकोट

## ३. जिल्ला प्रशासन कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

| सि.नं | दर्जा | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितीय | १ | १ | - | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतीय | २ | २ | - | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ४ | नायव सुब्बा | रा.प.अनं.प्रथम | ७ | ७ | - | फाँट प्रमुख भई सम्बन्धित फाँटले गर्ने तोकिएका कार्य सम्पादन गर्ने |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | १ | १ | - | नियमानुसार लेखा सम्बन्धी श्रेस्ता राख्ने लेखापरीक्षण गराउने । |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | २ | २ | - | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| ७ | खरिदार | रा.प.अनं.द्वितीय | ३ | २ | १ | सम्बन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ८ | ह.स.चा. | श्रेणी विहिन | २ | २ | - | सवारी साधन चलाउने र आवश्यकतानुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

## ४. जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवा :**

- नाम,थर वा उमेर आदि प्रमाणित ।
- पेन्सन तथा रहलपहल सिफारिस र पारिवारिक विवरण प्रमाणित ।
- खसआर्य, आदिवासी जनजाति, दलीत प्रमाणित।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।
- पर्चा खडा।
- विविध कार्य ।

**ख) राहदानी सम्वन्धी सेवा:**

- बायोमेट्रिक सहितको आवेदन संकलन

- राहदानी वितरण ।

**ग) नागरिकता सम्वन्धी सेवाः**

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण ।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण ।
- थर संशोधन ।
- नावालक प्रमाणपत्र वितरण।

**घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवाः**

- गुनासो वा ठाडो उजुरी ।

**ङ) हातहतियार इजाजत तथा नवीकरण सम्वन्धी सेवाः**

- हातहतियार इजाजतस्वामित्व हस्तान्तरण नवीकरण ,नामसारी , ।

**च) संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवा :**

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

**छ) विपद् व्यवस्थापन सम्वन्धी सेवाः**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन ।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण ।
- विपद् जोखिम न्यूनीकरणका लागि तयारी ।
- विपद् भएको क्षति विवरण संकलन ।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनस्थापनाः ।

**ज) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवाः**

अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानबिन।

**झ) सुशासन/ सार्वजनिक सेवा प्रवाह सम्वन्धी सेवाहरु**

# ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं | शाखाको नाम | पद | जिम्मेवार पदाधिकारी | कार्य विवरण |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारीज्यूको कार्यकक्ष | प्रमुख जिल्ला अधिकारी | शम्भु प्रसाद रेग्मी | प्रमुख जिल्ला अधिकारीको रूपमा जिल्लाको सुरक्षा व्यवस्थापन र अन्य प्रशासनिक नेतृत्व गर्ने |
| २ | सहायक प्रमुख | सहायक प्रमुख | कृष्ण प्रसाद हुमागाई | सूचना अधिकारी तथा |

| | | | | |
|---|---|---|---|---|
| | जिल्ला अधिकारी ज्यूको कार्यकक्ष | जिल्ला अधिकारी | | सहायक प्रमुख जिल्ला अधिकारीको रूपमा कार्य गर्ने |
| ३ | स्थानीय प्रशासन / शान्ति सुरक्षा | प्रशासकीय अधिकृत | रुपेश प्रसाद नेपाल | जिल्लाको समग्र सामान्य प्रशासन संचालन, कर्मचारी प्रशासन सम्बन्धी आन्तरिक व्यवस्थापन, विपद् व्यवस्थापन र शान्ति सुरक्षा सम्बन्धी सम्पूर्ण कार्य |
| | | प्रशासकीय अधिकृत | होमनाग दाहाल | |
| | | ना.सु. | धन बहादुर नेपाली | |
| | | कम्प्युटर अपरेटर | रमेश जङ पाण्डे | |
| ४ | मुद्दा शाखा | प्रशासकीय अधिकृत | रुपेश प्रसाद नेपाल | मुद्दा दर्ता , मुद्दा व्यवस्थापन ठाडो उजुरी तथा गुनासो उपर कारवाही र सिफारिस । |
| | | ना.सु. | पुस्कर अधिकारी | |
| ३. | नागरिकता शाखा | प्र.अधिकृत | होमनाथ दाहाल | वंशज,जन्मको आधारमा नागरिकता प्रदान गर्ने अंगीकृत नागरिकताका हकमा प्रकृया पुरा गरी पेश गर्ने । नाबालक परिचय पत्र जारी गर्ने । |
| | | प्र.अधिकृत | रुपेश प्रसाद नेपाल | |
| | | ना.सु. | समिक्षा कार्की | |
| | | कम्प्युटर अपरेटर | सरस्वती थापा | |
| | | खरिदार | लक्ष्मी नारायण भट्टराई | |
| | | खरिदार | लक्ष्मण साह | |
| | | का.स. | मिलन पौडेल | |
| | | का.स. | रामचन्द्र पण्डित | |
| | | का.स. | पर्बल अधिकारी | |
| ५ | राहदानी शाखा | प्र.अधिकृत | श्यामकृष्ण श्रेष्ठ | विद्युतिय राहदानिको बायोमेट्रिकि लिने, राहदानी वितरण |
| | | ना.सु. | प्रतिक्षा नेपाल | |
| | | क.अ. | श्रद्धा थापा | |
| | | का.स. | रेशम प्रसाद लामिछाने | |
| ६ | आर्थिक प्रशासन शाखा | लेखापाल | कमल रिजाल | राजश्व र आर्थिक कारोवार सम्बन्धी कार्य |
| ७ | नागरिक सहायता कक्ष/ दर्ता /चलानि | का.स. | शोभा भण्डारी | सेवा प्रवाह सम्बन्धि जानकारी गराउने / फारमहरु भर्ने/ निवेदन दिने/ दर्ता चलानि गर्ने |
| ८ | प्र.जि.अ. सचिवालय | का.स. | रुमी श्रेष्ठ | नागरिकता अभिलेख पठाउने र नागरिकता त्रुटी सच्याउने, सेवा ग्राहीकोकाममा सहजीकरण |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्ने |
| ९. | राष्ट्रिय परिचय पत्र शाखा | विवरण दर्ता अपरेटर | सुरज नगरकोटी<br>राम श्रेष्ठ<br>सगुन पुडासैनी | राष्ट्रिय परिचय पत्र सम्बन्धि बामेट्रिक विवरण संकलन र परिचयपत्र वितरण |

# ६. सेवा प्रप्त गर्न लाग्ने दस्तुर र अवधि

(नागरिक वडापत्रानुसार)

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नयाँ नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु १३।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | नावालक रु २५००।-<br>साधारण रु ५००० (पून: बनाउँदा दोब्बर) | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | – | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | – | तुरुन्त | |
| ७ | गुनासो वा ठाडो उजुरी | रु १०।- को हुलाक टिकट | यथाशीघ्र | |
| ८ | नाम,थर उमेर आदि प्रमाणित | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पेन्सन तथा रहलपहल सम्बन्धी सिफारीस | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | संस्था दर्ता | रु १,०००।- | प्रक्रिया पुगेकै दिन | |
| १२ | संस्था नवीकरण | रु ५००।- | प्रक्रिया पुगेकै दिन | |
| १३ | संस्थाको विधान संशोधन | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | दलितजनजाती सिफारिस/आदिवासी , | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक १,०००।- | प्रक्रिया पुगेकै दिन | |

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| | | साप्ताहिक ५००।-<br>पाक्षिक ३००।-<br>मासिक २००।- | | |
| १७ | छापाखाना दर्ता | रु १,०००।- | प्रक्रिया पुगेकै दिन | |
| १८ | हातहतियार नामसारी | रु १,०००।- | प्रक्रिया पुगेकै दिन | |
| १९ | हातहतियार नवीकरण | रु ३०००।- | प्रक्रिया पुगेकै दिन | |
| २० | थर संशोधन | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुगेकै दिन | |
| २१ | क्षतिपूर्ति एवं राहत वितरण | रु १०।- को हुलाक टिकट | प्रक्रिया पुर्याएर | |
| २२ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | रु १०।- को हुलाक टिकट | कानून वमोजिम | |
| २३ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | रु १०।- को हुलाक टिकट | यथाशीघ्र | |
| २४ | अन्य मुद्दा | रु १०।- को हुलाक टिकट | यथाशीघ्र | |
| २५ | विष्फोटक पदार्थ ईज्जातपत्र— | रु.१००।- | यथाशीघ्र | |
| २६ | विष्फोटक पदार्थ ईजाजतपत्र नवीकरण | रु.१००।- | प्रक्रिया पुगेकै दिन | |

## ७.निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रकृया** : सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र नियमावली २०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगायत प्रचलित कानूनबमोजिम ।

**ख) निर्णय गर्ने अधिकारी** :

- **प्रमुख जिल्ला अधिकारी ।**
- **सहायक प्रमुख जिल्ला अधिकारी:** प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम
- **प्रशासकीय अधिकृत** : प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

## ८ .निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम ।

## ९. सम्पादित कार्य विवरण (२०८३ साउन देखि असोज सम्म)

| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | संस्था दर्ता | ० | 0 | १ |
| २ | संस्था नवीकरण | ४ | ० | २९ |
| ३ | ठाडो उजुरी दर्ता | ८ | १० | १६ |
| ४ | पत्रपत्रिका दर्ता | ० | 0 | ० |
| ५ | छापाखाना दर्ता | ० | 0 | ० |
| ६ | विविध सिफारिस | ४३ | २३ | ३२ |
| ७ | विस्फोट पदार्थ इजाजत पत्र जारी | ० | ० | ० |
| ८ | विस्फोट पदार्थ इजाजत पत्र नविकरण | ० | ० | ० |
| ९ | हातहतियार नवीकरण | ३ | ० | ० |
| १० | हातहतियार नामसारी | ० | ० | ० |
| ११ | नाबालक परिचय पत्र जारी | ३२ | १५ | २६ |
| १२ | भू.पु.सैनिक पेन्सन (सिफारिस) | ६ | २ | ३ |
| १३ | ड्रोन उडान अनुमति | ० | ० | ० |
| १४ | पर्चा खडा | ४ | ० | १५ |
| १५ | सवारी पास जारी | १३ | ७ | १० |

**बैठक सम्पन्न**

| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | जिल्ला सुरक्षा समिति | ३ | ७ | ५ |
| २ | जिल्ला विपद् व्यवस्थापन समिति | १ | 3 | १ |
| ३ | कार्यालय प्रमुख | १ | १ | १ |
| ४ | विविध | २ | २ | १३ |
| | | | | |

**ख.नागरिकता शाखा**

| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | ४८६ | २१५ | २०९ |
| २ | प्रतिलिपि नागरिकता वितरण | ८९९ | ४९१ | १२०५ |
| ३ | बैवाहिक/ अंगिकृत नागरिकता वितरण | १ | 0 | ० |
| ४ | गैर आवासिय नागरिकता | १ | १ | १ |

**ग. राहदानी शाखा**

| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | राहदानी आवेदन फारम संकलन | ७१८ | २१९ | ४०७ |
| ३ | राहदानी वितरण | ४१० | २१० | ३६३ |

**घ.मुद्दा शाखा**

| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | अभद्र व्यवहार | १ | ० | १ |
| २ | कालो बजारी | ० | ० | ० |
| ३ | जुवा सम्बन्धी | १ | १ | ० |
| यस महिना जम्मा दर्ता | | २ | १ | १ |
| यस महिना फछ्यौट भएको संख्या | | ० | ० | ४ |
| फैसला हुन बाँकी जम्मा मुद्दाको संख्या | | २ | ३ | १ |

**ङ. राष्ट्रिय परिचय पत्र व्यवस्थापन शाखा**

| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | व्यक्तिगत विवरण संकलन | २२४५ | १०४४ | १६३२ |
| २ | राष्ट्रिय परिचय पत्र वितरण | ५१४ | 182 | 286 |

**च.खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन**

| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | खाद्य नमुना संकलन संख्या | ८ | 0 | ० |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | ० | 0 | ० |

| छ.बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
| १ | बजार अनुगमन पटक | ३ | १ | ३ |
| २ | अनुगमन गरीएको पसल संख्या | ३२ | ५ | २८ |
| ३ | जरीवाना रकम | ० | ० | ० |

| ज. कार्यालय अनुगमन | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | श्रावण | भाद्र | असोज |
| १ | कार्यालय अनुगमन | ० | 0 | 1 |
| २ | अनुगमन गरिएको कार्यालय संख्या | ० | ० | ४ |

# विपद सम्बन्धि

## १. मानवीय उद्धार, बेपत्ता र शव सम्बन्धी विवरण

### उद्धार संख्या

| ३,६३० उद्धार संख्या | नेपाली नागरिक | | विदेशी नागरिक | | कैफियत |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| | १,९८५ | १,३८७ | २३२ | २६ | |

### शव निकालिएको संख्या

| २०५ शव निकालिएको | पुरुष | महिला | लिङ्ग पहिचान नभएको | घाइते | कैफियत |
|---|---|---|---|---|---|
| | ५१ | ४८ | १०६ | ६६ | |

### बेपत्ताको संख्या

| २,७२३ बेपत्ता संख्या | नेपाली नागरिक | | विदेशी नागरिक | | नखुलेको | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | | |
| | १,९०१ | ४६७ | १८० | १७५ | ० | २०८३ भाद्र १० गतेदेखि असोज १२ गतेसम्म |
| | ० | ० | ० | ० | ० | २०८३ असोज १३ गते बेलुका ६:०० बजेसम्म |

### होल्डिङ सेन्टर सम्बन्धी विवरण

| होल्डिङ सेन्टर संख्या | बसोबास संख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| ७ वटा | ८६ | ९० | १७६ | |
| | ८६ | ९० | १७६ | |

*जिल्ला प्रशासन कार्यालयमा टिपिएको बेपत्ता संख्या विवरण समेत गणना गरिएको।

## २. भौतिक पुर्वाधार क्षतिको विवरण

| | | |
|---|---|---|
|  पूर्णः ६<br>आंशिकः ३ |  पूर्णः १७<br>आंशिकः ० |  पूर्णः १८<br>आंशिकः ० |
| विद्यालय | पक्की पुल | झोलुङ्गे पुल |

| | | |
|---|---|---|
|  पूर्णः ६१<br>आंशिकः ० |  पूर्णः ५.५ कि.मी<br>आंशिकः २०. कि.मी |  पूर्णः १४<br>आंशिकः २ |
| सरकारी सवारी साधन | सडक | सरकारी कार्यालय |

| | | |
|---|---|---|
|  पूर्णः २<br>आंशिकः ० |  पूर्णः १४<br>आंशिकः ० |  पूर्णः ६<br>आंशिकः ० |
| स्वास्थ्य चौकी (खोप केन्द्र) | सहकारी संस्था | जलबिधुत आयोजना |

माथी उल्लेखित विवरणहरू प्राप्त हुने क्रममा रहेका कारण, परिवर्तन हुन सक्ने।

## ३. प्रभावित क्षेत्रको घरधुरी संख्या (स्थानीय तहगत)

| सि.न. | स्थानीय तह | वडा नं. | पुर्ण क्षति | आंशिक क्षति | जम्मा |
|---|---|---|---|---|---|
| १ | विदुर नगरपालिका | १ | ४०१ | - | ४०१ |
| २ | विदुर नगरपालिका | ३ | ११० | - | ११० |
| ३ | विदुर नगरपालिका | ४ | ७५ | - | ७५ |

| सि.न. | स्थानीय तह | वडा नं. | पुर्ण क्षति | आंशिक क्षति | जम्मा |
|---|---|---|---|---|---|
| ४ | विदुर नगरपालिका | ५ | ३८७ | - | ३८७ |
| ५ | विदुर नगरपालिका | ६ | ५ | - | ५ |
| ६ | विदुर नगरपालिका | ७ | १७५ | - | १७५ |
| ७ | विदुर नगरपालिका | ८ | ३ | - | ३ |
| ८ | विदुर नगरपालिका | ९ | १४८ | - | १४८ |
| ९ | विदुर नगरपालिका | १० | २३२ | - | २३२ |
| १० | बेलकोटगढी नगरपालिका | ५ | १२ | ३८ | ५० |
| ११ | बेलकोटगढी नगरपालिका | ७ | ५५ | २५ | ८० |
| १२ | बेलकोटगढी नगरपालिका | ८ | ४८ | १७ | ६५ |
| १३ | किस्पाङ्ग गाँउपालिका | ५ | ३४ | - | ३४ |
| १४ | तार्केश्वर गाँउपालिका | २ | ३ | - | ३ |
| १५ | तार्केश्वर गाँउपालिका | ४ | १८ | २७ | ४५ |
| जम्मा | | | १,७०६ | १०७ | १,८१३ |

## ४. खोज तथा उद्दार



१. बाढिबाट प्रभावित बिभिन्न ६ स्थानहरुमा सशस्त्र प्रहरी बल, नेपालबाट Forward Base स्थापना गरी CSSR, Disaster Management साथै ३ स्थानमा CSSR, Disaster Management र K-9 Dog Team परिचालन भइरहेको।

२. नेपाल प्रहरीको केनाइन टोली (२ वटा तलिम प्राप्त कुकुर र ४ जनाको जनशक्ति), १२ जना नेपाल प्रहरी सहितको टोलीले त्रिशुली देखि वेत्रावती क्षेत्रमा खोज तथा उद्धारको कार्य गरिरहेको।

३. नेपाल प्रहरीको १० जनाको श्रव्यदृश्य विज्ञ टोली ड्रोन मार्फत बाढी प्रभावित खोला किनाराहरुमा वस्तुस्थितिको अवलोकन, निरीक्षण र विवरण संकलन गरी खोज तथा उद्धारमा सहजीकरण गरिरहेको। समग्रमा करिब ४४८ जना नेपाल प्रहरी खोज तथा उद्धारका लागी परिचालन भएको।

४. बाढीबाट प्रभावित व्यक्तिहरु रहेको होल्डिङ्ग सेन्टरहरुमा, खोला किनारमा खोज तथा उद्धारका लागी, राहत संकलन तथा वितरण केन्द्रहरुमा र त्रिशुली नदीको दुबै तर्फ खोज तथा उद्धार कार्यमा गरी करिब ४१० जना सशस्त्र प्रहरी बल नेपालका सुरक्षाकर्मीहरु परिचालन भएको।



५. सशस्त्र प्रहरी बल, नेपालबाट Rubber Boat लगायत उद्दार सामाग्रीहरु खोज तथा उद्दारको लागि तयारी अवस्थामा राखिएको।

६. सशस्त्र प्रहरी बल नेपालको खोज तथा उद्धार टोलीले धादिङ निलकण्ड नगरपालिका ९ घर भई नुवाकोट

जिल्ला विदुर नगरपालिका १ त्रिशुलिमा बस्ने स्थानीय व्यक्तिको घरबाट करिब ३.५ तोला सुन, केही नगद तथा महत्वपुर्ण कागजात र धादिङ्ग जिल्ला नेत्रावति ढबजुङ गाँउपालिका ३ घर भई विदुर नगरपालिका १ बस्ने स्थानीय व्यक्तिको बाढिले पुरिएको घरबाट करिब २ तोला सुन र केही नगद र कागजपत्र निकाली स्थानियको रहोवरमा सम्बन्धित व्यक्तिलाई बुझाएको।

## ७. सडक सञ्चालन



१. गल्छी-देवीघाट सडक खण्डको ठुलो खोला पुल सफा गरी सडक संचालनमा रहेको तर पानी पुल माथिबाट बगिरहेको। रातमाटेको कटान भएको सडक खण्ड बनाउने कार्य भई संचालनमा रहेको।

२. देवीघाट स्थित तादी खोलामाथिको पुल त्रिशुली नदीमा आएको बाढीले बगाएर यातायात अवरुद्ध भएकोमा सो खोलामा एक्रो ब्रिज (ACRO BRIDGE) जडान कार्य सम्पन्न भई सडक सुचारू भएको।

३. ढुंगे बजार क्षेत्र देखि तिरतिरे भीरबाट करिब १.७५ कि.मी. वेत्रावती तर्फ सडक सफा गर्ने कार्य सकिएको, ग्राबेल विछ्याउने र नाली बनाउने कार्य भईरहेको। बाँकी खण्डमा भएको चट्टान नेपाली सेनाबाट ब्लास्टिङ समेत गरी सो चट्टान फोड्ने कार्य भई सडकको ट्र्याक खोल्ने कार्य भइरहेको।



**बैकल्पिक सडक**

१. बाहुनेबेसी-लच्याङ्ग-पारच्याङ्ग-धुन्चे जाने सडकमा साना सवारी साधन संचालनमा रहेको।

२. विदुर-चोगते, बोरेभञ्ज्याङ्ग- लच्याङ्ग- जिरो किलो- धुञ्चे जाने सडक खण्ड सञ्चालनमा रहेको।

३. ढिकुरे - फेदीबेसी-चोगते, बोरेभञ्ज्याङ्ग- ढुङ्गेश्वारा हुँदै वेत्रावती रसुवा जाने बाटोमा साना सवारी संचालनमा रहेको।

४. चोगाते - बोरेभञ्ज्याङ- दण्डश्वारा- ढुङ्गेश्वारा- पाटीखर्क- भोर्ले सडकमा ठुला सवारी सञ्चालन गर्नका लागि पहल भईहेको।



५. विदुर नगरपालिकाबाट उपलब्ध HEAVY MACHINE हरु विदुर-११ थापाटार- बेत्रावती सडक संचालनका लागि कार्य भैरहेको।

६. कोलोनी - बुद्धसिंहघाट जाने सडक सुचारू रहेको।

७. गल्छी — कोशीखोला - कोलडाँडा- तार्केश्वर-२ वडा कार्यालय- छत्रेखोला पुल तरेर कुमलटार- लबडाँडा- सिरखाली- बुनीबेसी- कालीखोला- माझीगाँउ हुँदै कोलोनी जाने बैकल्पिक मार्ग सञ्चालन रहेको।

८. नुवाकोटको बिदुर-९ इन्द्रायणी चौर बाट कोलोनी गुम्बामा— ३, देविघाटमा — १, सिमचौरमा— १ गरी जम्मा ५ वटा तुईन निर्माण कार्य सम्पन्न भई सुचारू भएको। उक्त मध्य दुई तुईनलाई मोटरबाट अपरेट हुने गरी बनाइएको।

९. इन्द्रायणी चौर र त्रिशुली गुम्बा बीच सामान ढुवानी सहज गर्नको लागी २ वटा Zip Line निर्माण कार्य सम्पन्न भई सुचारू भएको।

१०. बेलकोटगढी- निरन्जना सडक सुचारू रहेको।

११.बिदुर- पिपलटार- धमले- निरन्जना- बागखोर- देउराली- दुईपिपल- कोल्पुटार हुँदै गल्छी जाने बाटो बैकल्पिक रुपमा प्रयोग गर्न सकिने।

१२. ढुङ्गेबाट पारिपट्टी झोलुङ्गे पुल राख्न Foundation राख्ने कार्य भईरहेको।

१३. वेत्रावतीबाट रसुवा जोड्ने बेली ब्रिज राख्न Foundation खन्ने कार्य भईरहेको।

## ८. स्वास्थ्य

१. बाढी पिडितलाई आवश्यक परेको समयमा तत्काल एम्बुलेन्स परिचालन गर्ने गरी निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको।

२. नेपाली सेनाको मेडिकल टिमले होल्डिङ्ग सेन्टरहरूमा सम्भावित संक्रमण फैलिन नदिनका लागि Disinfection को कार्य गरिरहेको साथै प्रभावितहरुलाई मनोसामाजिक परामर्श दिने कार्य भइरहेको।



३. सशस्त्र प्रहरी बलको विज्ञ डाक्टर तथा स्वस्थ्यकर्मीद्वारा २४ सै घण्टा परिचालित भई मोबाइल मेडिकल सर्भिस प्रदान गरिएको।उक्त टोलीले विस्थापित तथा उद्धार गरिएका पीडितहरूलाई निरन्तर रूपमा आवश्यक स्वास्थ्य सेवा तथा टोलीमार्फत मनोसामाजिक परामर्श दिने कार्य समेत गरिरहेको।

४. सशस्त्र प्रहरी बलको मेडिकल टोलीद्वारा ५,६०२ जनाको स्वास्थ्य जाँच गरिएको।

५. सम्ममा Level -1 अस्पताल, नुवाकोटमा ४१८ जनाले उपचार सेवा लिएको।

६. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोटमा मिति २०८३ असोज ११ गते सम्म ४,६७० जना व्यक्तिहरूले उपचार सेवा प्राप्त गरी उपचारपश्चात् डिस्चार्ज भएका छन्।

७. जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा विभीन्न संघ-संस्थाहरुको सहयोगमा सवै होल्डिङ्ग सेन्टरहरूमास मनोसामाजिक परामर्ष ८,०४१ जनालाई र स्वास्थ्य सेवा १२,९५७ जनालाई प्रदान गरिएको।(एउटै सेन्टरमा दैनिक रूपमा सेवा प्रदान गरेको हुँदा, सेवा संख्यामा।)

८. सम्ममा प्रभावित क्षेत्रहरूमा ५१,४५१ जनालाई हैजा बिरूद्धको खोप दिईएको।

९. बाढी प्रभाववत क्षेत्रमा २३९ जनालाई टी टी खोप, ३ जनालाई टी डी खोप र १० जनालाई ARV खोप प्रदान गरिएको।

## ९. खानेपानी





१. देवीघाटमा बोरिङ्गबाट जेनेरेटर प्रयोग गरि खानेपानीको व्यवस्थापन भएको।

२. विदुरमा विभिन्न स्थानहरुमा ट्याङ्करबाट खानेपानी व्यवस्थापन गर्ने कार्य भइरहेको।

३. खानेपानी तथा सरसफाइमा कार्य गर्ने सरकारी तथा गैह्र सरकारी संस्थाहरु सहभागी रहेको।

४. ३२ वटा खानेपानी आयोजनाहरुको अनुमानित ५८ करोड ६० लाख क्षति भएको र अन्य आयोजनाहरुको विवरण प्राप्त हुने क्रममा रहेको।

५. प्रदेश खानेपानी तथा सरसफाइ डिभिजन नुवाकोटबाट केन्द्रिय कारागार, विदुर खानेपानी, शेरा खानेपानी विदुर, रातमाटे खानेपानी वेलकोटगढी लगायतलाइ विभिन्न साइजको ९,५०० मीटर पाइप वितरण गरि पानी संचालनमा सहयोग गरेको ।

६. खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत भक्तपुर डिभिजनबाट १०० के.भि.ए को जेनेरेटर, स्टेबलाइजर, विदुर खानेपानी लगायत विभिन्न खानेपानीलाई २९,७०० मीटर पाईप वितरण गरि पानी संचालन भएको।

७. विदुर नगरपालिका–५ स्थित स्टेडियमको सेटलमेन्टमा निर्माणाधीन ६,००० लिटर क्षमताको ब्लाडर पानी ट्याङ्की राखिएको।

८. ५ के भि जेनेरेटर १, विदुर खानेपानीलाई र सुन्दरी केउरेनी सेल्टर पम्प १ थान र जेनेरेटर १ थान, पाइप, फिल्टर लगायत हाइजिन किट वितरण, चर्पी १०० थान विदुर नगरपालिका लाइ हस्तान्तरण भएको।



९. विदुर नगरपालिकालाई २,००० लिटर, ५,००० लिटर र २०० लिटर क्षमताका पानी ट्यांकी तथा सबमर्सिबल पम्पहरू हस्तान्तरण गरिएको छ, साथै विभिन्न सेल्टर तथा सार्वजनिक स्थानहरूमा चर्पी, वास स्टेशन, चेन्जिङ रुम, पानी ट्यांकी र पानी वितरण प्रणाली स्थापना गरिएको।

१०. WASH सेवाअन्तर्गत १० वटा नमुना चर्पी निर्माण, १३ स्थानमा पानी परीक्षण, क्लिनिङ किट, वासिङ सेट, बाथिङ सेट, ह्यान्ड वासिङ स्टेशन तथा होल्डिङ सेन्टरमा पानी ट्यांकरमार्फत सेवा प्रदान गरिएको।

११. नेपाल रेडक्रस लगायतका निकायमार्फत थप पानी ट्यांकी, पम्प र फिल्टर जडान तथा वितरण भइरहेको छ भने पियुसमार्फत पानी शुद्धीकरण सामग्री वितरण र सुरक्षित पानी प्रयोगसम्बन्धी जनचेतना सामाजिक सञ्जाल, सञ्चार माध्यम र स्वयंसेवकमार्फत प्रवाह भइरहेको।

१२. पानी शुध्दिकरणका सामाग्री पियुस वितरण भइ रहेको तथा पानी शुध्दिकरण सम्बन्धि मेडिया तथा सामाजिक संजाल तथा स्वयमसेवक मार्फत सुचना प्रवाह भइरहेको।

## १०. राहत वितरण



गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्र मार्फत एकद्वार प्रणाली अनुसार राहत वितरण सम्बन्धी कार्य भइरहेको।

१. जिल्ला समन्वय समितिको हल, मैथली व्यारेक र बिदुर नगरपालिकाको कार्यालयबाट राहत संकलन र वितरणको कार्य भएको ।

२. ५३४ वटा संघ-संस्था मार्फत राहत संकलन भएको।

३. प्रभावित क्षेत्रमा २६११ वटा ठाउँहरूमा राहत वितरण भएको।

४. संकलित भएको र संकलन केन्द्रबाट वितरण भएको विवरण राष्ट्रिय सूचना प्रणालीमा प्रविष्ट हुने क्रममा रहेको।

## ११. शव व्यवस्थापन

१. कुल ३९ वटा शवको पहिचान भएकोमा ३९ शव आफन्तहरूलाई जिम्मा लगाईएको।

२. विभिन्न स्थानहरुबाट पहिचान खुलेका र नखुलेका गरि २०५ बटा शव फेला परेको।

३. रसुवा जिल्लाबाट ल्याईएको १०७ वटा र नुवाकोट जिल्लामा फेला परेका ५ वटा गरी जम्मा ११२ वटा शवको **"पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७८"** बमोजीम विदुर नगरपालिकाको वडा नं. ६ मा रहेको खम्बाक्याम्प स्थित केन्द्रिय कारागारको खाली जमिनमा व्यवस्थापन गरिएको।

४. नुवाकोट जिल्लामा २३ शवको पोष्टमार्टम गरी डि.एन.ए Sample संकलन गरिएको र हालसम्म सम्पर्क बिहिन ६८ जना व्यक्तिहरूको परिवारजनको डि.एन.ए Sample संकलन गरिएको।

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९
२. आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन २०१७
३. आवश्यक वस्तु संरक्षण ऐन २०१२
४. उपभोक्ता संरक्षण ऐन २०५४
५. कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन, २०७४
६. कालो बजार र केही अन्य सामाजिक अपराध र संजाय ऐन, २०३२
७. खाद्य ऐन, २०२३
८. गृह प्रशासन सुदृढिकरण योजना, २०६८
९. गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०६९
१०. जग्गा प्राप्ति ऐन २०३४
११. जलचर संरक्षण ऐन, २०१७
१२. देवी प्रकोप उद्दार ऐन २०३९
१३. नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका,२०६८
१४. निजामति सेवा ऐन, २०४९
१५. निजामति सेवा नियमावली, २०५०
१६. नेपाल नागरिकता ऐन, २०६३
१७. नेपाल नागरिकता नियमावली २०६३
१८. प्रकोप पिडित उद्दार र राहत सम्बन्धी मापदण्ड, २०६४
१९. बालबालिकासम्बन्धि ऐन, २०४८ र नियमावली
२०. भ्रष्टाचार निवारण ऐन २०५९
२१. राहदानी ऐन २०७६
२२. राहदानी नियमावली २०६७
२३. लागु औषध (नियन्त्रण) ऐन २०३३
२४. विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
२५. विपद् पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा मार्गनिर्देशन, २०६८
२६. विपद् जोखिम न्युनिकरण र व्यवस्थापन ऐन, २०७४
२७. संस्था दर्ता ऐन २०३४
२८. संस्था दर्ता नियमावली २०३४.
२९. सार्वजनिक सुरक्षा ऐन २०४६
३०. सुशासन (व्यवस्थापन र संचालन) ऐन, २०६४
३१. सुशासन (व्यवस्थापन र संचालन) नियमावली, २०६५
३२. सूचनाको हक सम्बन्धी ऐन, २०६४
३३. सूचनाको हक सम्बन्धी नियमावली २०६५
३४. स्थानीय प्रशासन ऐन, २०२८

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण:

**क) कार्यालय प्रमुख :**

- नाम : शम्भु प्रसाद रेग्मी
- पद : प्रमुख जिल्ला अधिकारी
- सम्पर्क नं. : ९८५११४७७७७

**ख) सूचना अधिकारी :**

- नाम : कृष्ण प्रसाद हुमागाइँ
- पद : सहायक प्रमुख जिल्ला अधिकारी
- सम्पर्क नं. : ९८५१२४८७७७

## १२. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

स्थानीय सञ्चार माध्यम/पत्रकारहरुसंग नियमित भेटघाट, अन्तर्क्रिया हुने गरेको। यस त्रैमासीकमा श्री रुक्सना कपालीबाट संस्था दर्ता सम्बन्धी सूचना माग गरेकोले निजलाई लिखित रुपमा सो सम्बन्धी सूचना उपलब्ध गराइएको।

## १३. कार्यालयको वेबसाईट, सामाजिक सञ्जाल र सम्पर्क विवरण

कार्यालयको वेभ साईट : daonuwakot.moha.gov.np

कार्यालयको सामाजिक संजाल : www.facebook.com/daonuwakot0

कार्यालयको सम्पर्क नं. : ०१०-५६००३३ र ०१०-५६०२६६

कार्यालयको इमेल ठेगाना : nuwakotcdo@gmail.com

**कार्यालय प्रमुख**

नाम थर : शम्भु प्रसाद रेग्मी

पद : प्रमुख जिल्ला अधिकारी

**सूचना अधिकारी**

नाम थर : कृष्णप्रसाद हुमागाई

पद : सहायक प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, नुवाकोट

## नागरिक सहायता कक्ष सञ्चालन सम्बन्धी सूचना

जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउनु भएका सेवाग्राहीलाई कार्यालयको सेवा, सेवा प्राप्त गर्ने प्रकृया, सम्बन्धित शाखा वा फाँटबारे जानकारी दिने तथा जेष्ठ नागरिक, असहाय र असक्त सेवाग्राहीलाई सहजरुपमा सेवा प्राप्त गर्ने व्यवस्था मिलाउने उद्देश्यले जिल्ला प्रशासन कार्यालयको वार्षिक सुधार कार्ययोजना अनुसार यस कार्यालयमा नागरिक सहायता कक्षको स्थापना भई सेवा सुरु गरिएको छ । उक्त सेवाको उपयोगका लागि सम्पूर्ण जनसमुदायमा हार्दिक अनुरोध गर्दछौं।

### नागरिक सहायता कक्षका विशेषताहरु

- जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा, विपदमा राहत वितरण, शान्ति सुरक्षा, नागरिकता तथा पासपोर्ट, संस्था दर्ता, नवीकरण, उजुरी, गुनासो लगायतका सेवाहरु प्राप्त गर्नका लागि आवश्यक कागजात, प्रकृया तथा जिम्मेवार शाखा तथा पदाधिकारीबारे जानकारी प्राप्त गर्न सकिने।
- जिल्ला स्थित सरकारी तथा सार्वजनिक निकायले प्रवाह गर्ने सेवा सुविधाबारे जानकारी प्राप्त गर्ने तथा उक्त निकायको जिम्मेवार पदाधिकारीको सम्पर्क नम्वर प्राप्त गर्न सकिने।
- स्थानीय तह वा वडा कार्यालय वा अन्य सरकारी निकायबाट सिफारिस भई आएका सेवाग्राहीको हकमा थप निवेदन आवश्यक नपर्ने र निवेदनको सट्टामा सिफारिस बमोजिमको व्यहोरा कबुल गरेको छाप यस कार्यालयबाट उक्त सिफारिसमा लगाई सेवा प्राप्त गर्न सकिने। (तोकिएबमोजिमको हुलाक टिकट टाँसेको हुनुपर्ने छ।)
- स्थानीय तह वा वडा कार्यालयबाट सिफारिस भई नआएका सेवाग्राहीको हकमा यस कार्यालयबाट सेवा लिन आवश्यक पर्ने निवेदन/निवेदनको ढाँचा प्राप्त गर्न सकिने । (तोकिएबमोजिमको हुलाक टिकट टाँसेको हुनुपर्ने छ।)
- राहदानीको द्रुत सिफारिसका लागि आवश्यक पर्ने फाराम प्राप्त गर्न सकिने।
- जेष्ठ नागरिक, विरामी, असक्त, अपाङ्गता भएका व्यक्ति लगायत सेवामा प्राथमिकता दिनु पर्ने अवस्था भएका सेवाग्राहीहरुलाई सम्बन्धित शाखा वा फाँटमा समन्वय गरी छिटोछरितो रुपमा प्राथमिकता दिई सेवा दिलाउने ।